# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १४ | काठमाडौं | सोमबार, २४ वैशाख २०८१ | Prabhab National Daily | Monday, May 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


विभाजनमा गयो जसपा

# झनै शक्तिशाली बन्दै माधव





- उपेन्द्र यादवबाट अलग्गिएका नेताहरूले नयाँ दलको अध्यक्षमा अशोक राई र महासचिवमा मोहम्मद इस्तियाक राईलाई प्रस्ताव गरिएको छ
- सरकारका उपप्रधान तथा स्वास्थ्यमन्त्रीसमेत रहेका यादवले सरकार छाड्नसाथ राई नेतृत्वको जसपा सत्तामा जाने
- एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई एमाले र कांग्रेसबाटसमेत प्रधानमन्त्रीको 'अफर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** शनिबारमात्र जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रवक्ता मनिष सुमनले माधवकुमार नेपालबारे भनेका थिए- जम्मा १० सिट भएको पार्टीको नेता प्रधानमन्त्री बन्न असम्भव छ । हुन पनि नेपाल नेतृत्वको एकीकृत समाजवादी १० सिटसहित सातौं दल हो, प्रतिनिधिसभामा । जसपा भने १२ सिटसहित छैटौं दल । यी दुई दल मिलेर पुष्पकमल दाहाल नेतृत्वको सरकार ढाल्ने परिचर्चा चल्दै गर्दा प्रवक्ता सुमनले यो तर्क प्रस्तुत गरेका थिए । तर एक दिन नबित्दै उनको तर्क खेर गएको छ । किनकि जसपा फुटेर पाँच सांसदमा झर्ने भएको छ ।

(क्रमशः पृष्ठ ३ मा)

## 'उपेन्द्र यादवको कार्यशैलीका कारण पार्टी फुट्यो'

■ **अशोक राई**
**अध्यक्ष, जसपा**

**पार्टी फुटाउनुभएको कि नयाँ दल दर्ता भएको ?**

यो पार्टी विभाजन हो । संसदीय दलबाट नै विभाजन गरिएको हो ।

**यस्तो बेला किन फुटाउनुपर्‍यो पार्टी ?**

यस्तो निर्णय गर्नैपर्ने आवश्यकता पर्‍यो । पार्टी महाधिवेशनको सँघारमा भएकोले हो । पार्टी महाधिवेशनजस्तो संवेदनशील विषय समेट्नुपर्नेमा हतारोमात्रै गर्ने र असंवैधानिक ढंगले अगाडि बढ्ने चेष्ट भएपछि सहन हुन्न भनेर हामी लागेका हौं । एकताको महाविधेशन भनिएकोमा विधानमा भएका व्यवस्थालाई मिचेर कुल्चेर काम गर्न थालियो । अर्को कार्यशैलीको भिन्नता देखियो । अहिले जसपा नेपालमा उपेन्द्र यादवको कार्यशैली असहमतिका कारण यो अवस्था सिर्जना भयो ।

**सरकारलाई दिएको समर्थन के हुन्छ ?**

हामी अस्थिरताको कारक बन्दैनौ ।

**सत्ता समीकरण फेरबदल हुन लागेको हो ?**

देखिने रूपमा केही आएको छैन । छस्सछुस्स केही देखिएको हो ।

**उपेन्द्र यादव नयाँ समीकरणतिर जान लागेकोले हो पार्टी फुटेको ?**

अस्थिरताका संकेत देखिन थालेको हुनाले यस्तो पनि हुन सक्छ कि । तर हामी यसमा सामेल हुँदैनौं ।

**भनेपछि तपाईंहरूको साथ रहन्छ दाहाल नेतृत्वको सरकारलाई ?**

अहिले सरकारलाई हाम्रो साथ रहन्छ ।

गण्डकीका मुख्यमन्त्रीलाई विश्वासको मत प्रकरण

# सभामुखको निर्णयमा वैधताको प्रश्न



**कृष्णप्रसाद धिताल**
**सभामुख**



**खगराज अधिकारी**
**मुख्यमन्त्री**



**गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले आइतबार प्रदेशसभा बैठकमा विश्वासको मत लिने क्रममा विरोध जनाउँदै नेपाली कांग्रेसका प्रदेशसभा सदस्य ।** *तस्बिरः रासस*

- ६० सदस्यीय गण्डकी प्रदेश संसद्मा ३० सांसद नै बहुमत संख्या भएको सभामुखको जिकिर
- सभामुखको कदम असंवैधानिक भन्दै कांग्रेसले कानुनी चुनौती दिने

■ जेबी योञ्जन

**काठमाडौं–** प्रदेश सभामुखहरूले सरकार गठनदेखि विश्वासको मत लिने सवालमा निरन्तर विवादित कदम चालिरहेका छन् । कानुनी प्रश्न उठ्नेगरी उनीहरूका त्यस्ता कदमले पदीय गरिमासँगै प्राप्त संवैधानिक अधिकारको दुरूपयोग गरेको अर्थमा विश्लेषण भइरहेको छ ।

आइतबार गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले ६० सदस्यीय प्रदेश संसद्मा ३० सांसदको समर्थन प्राप्त मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत पाएको घोषणा गरे । दलीय आस्थाप्रति स्पष्ट झुकाव राख्दै गरेको यस्तो घोषणाले संविधानको मर्ममाथि नै प्रहार भएको विपक्षी नेपाली कांग्रेसको टिप्पणी छ ।

कतिपय संविधानका जानकारहरूले सभामुख धितालको घोषणाप्रति प्रश्न उठाएका छन् । संविधानविद् डा. भीमार्जुन आचार्यले सभामुख धितालको कदम 'संविधानमाथिको गाइजात्रा' भएको भन्दै रोष प्रकट गरे । देशका प्रमुख दलहरू संविधान कार्यान्वयनप्रति इमान्दार छैनन् भन्ने गण्डकीमा सभामुखको कदमले पुष्टि गरेको उनले बताए । सरासर सभामुख धितालको घोषणा असंवैधानिक रहेको उनको दाबी छ ।

'बहुमत भनेको सम्पूर्ण सदस्य संख्याको हो । त्यसमा अपवाद भन्ने शब्द प्रयोग भएको छैन । गणपूरक संख्या वा मतदानको संख्यालाई हेर्दा पनि सम्पूर्ण सदस्य संख्याको बहुमतलाई बहुमत मान्छ,' उनले प्रभावसँग भने, 'त्यो हिसाबले यो त्रुटिपूर्ण छ । असंवैधानिक छ ।' सर्वोच्च अदालतले सरकार गठनको सन्दर्भमा यसअघि सभामुख धितालकोसमेत नाम गणना गरेर भएको दाबीसम्बन्धी मुद्दामा जारी आदेशको पनि अपव्याख्या गरिएको आचार्यको ठम्याइ छ ।

'सर्वोच्चले अस्ति बोलेको भनेको सरकार गठनका लागि हो । विश्वासको मतको सन्दर्भमा सर्वोच्चले संख्या पनि तोकेको छैन,' उनले भने, 'त्यसकारण सभामुख धितालको घोषणा सर्वोच्चकै आदेश प्रतिकूल छ ।' कोशीका तत्कालीन सभामुख बाबुराम गौतमले कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई हस्ताक्षर गरेर मुख्यमन्त्रीमा समर्थन गरेको सन्दर्भमा जारी सर्वोच्चको आदेशको गण्डकीमा बेवास्ता भएको उनको भनाइ छ ।

सर्वोच्चले सभामुख पूर्णतः तटस्थ हुनुपर्ने र संसदीय खेलको निष्पक्ष रेफ्री हुनुपर्ने जनाएको थियो । यसमाथि गण्डकीका सभामुख धितालले बलमिच्याइँ गरेका छन् । यसलाई संविधानविद् आचार्य विश्व संसदीय अभ्यासमै लज्जाजनक हर्कत भएको बताउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

बहुमत भनेको सम्पूर्ण सदस्य संख्याको हो । त्यसमा अपवाद भन्ने शब्द प्रयोग भएको छैन । गणपूरक संख्या वा मतदानको संख्यालाई हेर्दा पनि सम्पूर्ण सदस्य संख्याको बहुमतलाई बहुमत मान्छ । त्यो हिसाबले यो त्रुटिपूर्ण छ । असंवैधानिक छ ।

■ **डा. भीमार्जुन आचार्य**
संविधानविद्



गण्डकी संसद्को कम्पोजिसन ६० हो । सभामुखले भोट हाल्न पाउने हो भने एउटा स्थिति हो । भोट हाल्न पाइँदैन भने सभामुखबाहेकको बहुमत हुनुपर्‍यो नि । त्यो भनेको ३० ले पुग्छ । त्यही भयो ।

■ **रमण श्रेष्ठ**
वरिष्ठ अधिवक्ता

**सन्दर्भः वैदेशिक रोजगार**

# क्यानडाले आगामी सेप्टेम्बरदेखि 'वर्क परमिट' नदिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्यानडा सरकारले विदेशी विद्यार्थीको चाप बढेसँगै रोजगारीको क्षेत्र साँघुरिन थालेपछि आगामी सेप्टेम्बरदेखि श्रम स्वीकृति अर्थात् 'वर्क परमिट' नदिने बताइएको छ । क्यानडाले अध्ययनका लागि आएका विदेशी विद्यार्थीले समयमै रोजगारी नपाउने र बेरोजगार हुने क्रम बढ्न थालेपछि स्नातक वा सो भन्दा तल्लो तहमा पढ्ने विद्यार्थीलाई आगामी सेप्टेम्बरदेखि वर्क परमिट नदिने नीति लिएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले केही दिनअघि एक विज्ञप्ति जारी गर्दै क्यानडा पढ्न जाने विद्यार्थीले सजिलै रोजगारी पाइहाल्छन् भन्ने भ्रम नराख्न र आवश्यक पूर्वतयारी गरेरमात्रै क्यानडा आउन विद्यार्थी तथा अभिभावकलाई सुझावसमेत दिएको छ । दूतावासले अध्ययनका लागि क्यानडा जाने नेपाली विद्यार्थीको सचेतनाका लागि जारी गरेको १० बुँदे विज्ञप्तिमा क्यानडा सरकारले अन्तर ाष्ट्रिय विद्यार्थीको संख्या दुई वर्षका लागि ३५ प्रतिशतले घटाउने नीति लिएको उल्लेख छ । यसका साथै निजी-सार्वजनिक साझेदारीमा सञ्चालन भइरहेका कलेजमा भर्ना भएका स्नातक र सो भन्दा तल्लो तहमा अध्ययन गर्ने विद्यार्थीलाई आगामी सेप्टेम्बरबाट श्रम स्वीकृति/वर्क पर्मिट जारी नगर्ने नीति लिएको दूतावासले जनाएको छ ।



क्यानडा सरकारद्वारा अन्तर्राष्ट्रिय विद्यार्थीका समस्या र देशको शैक्षिक पूर्वाधार एवं आवास सुविधामा परेको चापलाई ध्यान दिँदै यसै वर्षको जनवरीमा अन्तर्राष्ट्रिय विद्यार्थीसम्बन्धी नयाँ नीति ल्याएको पनि दूतावासले बताएको छ । तसर्थ अभिभावकले आफ्ना छोराछोरीलाई अध्ययनका लागि पठाउँदा शैक्षिक शुल्क र खाने/बस्ने खर्चको व्यवस्था गरेर मात्रै क्यानडा पठाउन आग्रह गरिएको छ ।

दूतावासले क्यानडा पढ्न आउने विद्यार्थीले आउनासाथ रोजगारी पाइहाल्छन् भन्ने भ्रममा रहँदा कलिलो उमेरका छोराछोरीमा पर्ने अति आवश्यक खर्चका समस्या र मनोवैज्ञानिक तनावका बारेमा हेक्का राख्ने र त्यस्ता समस्या आउनै नदिन सचेतता अपनाउनुपर्ने बताएको छ । यतिमात्र नभई क्यानडा पुगेका विद्यार्थीहरूलाई कार्यस्थलमा हुने श्रम शोषण, दुर्व्यवहार वा ठगीमा परे नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी कानुनी उपचार खोज्न पनि सुझाइएको छ । साथै पछिल्लो समय क्यानडा जाने नेपाली विद्यार्थीको संख्या बढेसँगै विभिन्न समस्या पनि उजागर हुँदै गएको बताइएको छ । क्यानडामा अध्ययनका लागि जाने तयारीमा रहेका विद्यार्थीले यी नीतिलाई विशेष ध्यान दिन आग्रह गरिएको छ ।

त्यसैगरी अन्य कुनै समस्या आइपरे ओटावास्थित नेपाली दूतावास, टोरन्टोस्थित नेपाली अवैतनिक महावाणिज्यदूत, गैरआवासीय नेपाली संघ र नेपाली डायस्पोरा समुदायका विभिन्न संघसंस्थाहरूसँग सहयोग लिन सकिने दूतवासले जनाएको छ । क्यानडामा हाल अध्ययनपश्चात् निश्चित अवधि (दुई वर्ष)का लागि काम गर्न श्रम स्वीकृति र अन्य अवसरहरू पनि पाइने हुँदा उच्च शिक्षाका लागि क्यानडा नेपाली विद्यार्थीको आकर्षक गन्तव्य बनेको छ । गएको दुई वर्षदेखि क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थीलाई दिइने भिसामा खुकुलो गरेपछि ३० हजार बढी नेपाली विद्यार्थी अध्ययनका लागि क्यानडा पुगेको बताइन्छ ।

## अब कोरिया जान पिसिआर परीक्षण गर्नु नपर्ने

**काठमाडौं (प्रस)–** रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत रोजगारीका लागि दक्षिण कोरिया जाने नेपाली श्रमिकले अबदेखि पिसिआर परीक्षण गर्नु नपर्ने भएको छ । कोरिया सरकारबाट कोभिड-१९ (कोरोना)को महामारी सुरु भएसँगै आप्रवासी श्रमिकमाथि अनिवार्य गरिएको कोरोना परीक्षणको व्यवस्था हटाएको जानकारी प्राप्त भएको इपिएस कोरिया शाखाले जनाएको छ ।

कोरिया सरकारले इपिएसमार्फत जाने श्रमिकका लागि पिसिआर परीक्षण गराउनु नपर्ने जानकारी दिँदै औपचारिक रूपमा पत्र नै पठाएको इपिएस शाखाकी निर्देशक मैया कँडेलले बताइन् । 'केही दिन अगाडिमात्रै पत्राचार गरेर पिसिआर परीक्षणको व्यवस्था हटाएको जानकारी प्राप्त भएको छ,' उनले भनिन्, 'अब सोही अनुरूप कोरिया जाने श्रमिकलाई तयारी गर्न आग्रह गर्छौं, सूचना निकाल्छौं ।'

यसअघि कोरोना परीक्षणको रिपोर्ट 'नेगेटिभ' आएमात्रै नेपाली श्रमिक कोरिया जान पाउने व्यवस्था थियो । कोरोनाकै कारण अहिलेसम्म कोरियाले पिसिआर अनिवार्य गर्नुका साथै सीधा हवाई उडानमार्फत नेपाली श्रमिक लैजाँदै आएको थियो ।

# नेपाल भ्रमण सकेर फर्किइन् जापानी विदेशमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानकी विदेशमन्त्री खामिखावा योको नेपालको एक दिने भ्रमण पूरा गरी फर्किएकी छन् । आइतबार दिउँसो नेपालको औपचारिक भ्रमणका लागि आइपुगेकी उनी राति नै स्वदेश फर्किएकी हुन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव सेवा लम्सालले स्वागत गरेकी थिइन् ।

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको निमन्त्रणामा विदेशमन्त्री योको नेपाल भ्रमणमा आएकी हुन् । जापानको विदेशमन्त्री नियुक्त भएपछि उनको यो पहिलो नेपाल भ्रमण हो ।



**आइतबार वसन्तपुर क्षेत्रको अवलोकन गर्दै जापानी विदेशमन्त्री खामिखावा योको ।** *तस्बिरः रासस*

### राष्ट्रपति र प्रधानमन्त्रीसँग शिष्टाचार भेट

नेपाल भ्रमणका क्रममा जापानी विदेशमन्त्री योकोले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरिन् ।

शीतलनिवासमा भएको शिष्टाचार भेटमा राष्ट्रपति पौडेलले पृथ्वीलाई जोगाउन हिमाल र पानीको स्रोत कसरी बचाउने भन्नेमा नेपालको चिन्ता रहेको उल्लेख गर्दै कार्बन उत्सर्जन गर्ने विकसित मुलुकहरूले जलवायु परिवर्तनको असर न्यूनीकरणका सन्दर्भमा अत्यन्त गम्भीर भइदिन आग्रह गरेको राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका प्रेस सल्लाहकार किरण पोखरेलले बताए ।

राष्ट्रपति पौडेलले एसियाका ज्योति गौतम बुद्धको सन्देश प्रवाहित भएदेखि नै नेपाल जापानबीच सांस्कृतिक सम्बन्ध रहिआएको उल्लेख गर्दै दुई देशबीच समस्यारहित सम्बन्ध रहेको र नेपालले सधैँ जापानको उच्च सद्भाव महसुस गरेको पनि बताएका थिए । नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जापान लामो समयदेखि एक महत्त्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रूपमा रहेको सन्दर्भ उल्लेख गर्दै राष्ट्रपति पौडेलले नेपाल र जापानबीचको आर्थिक सहयोग र सहकार्यका क्षेत्रहरू थप विस्तार हुने विश्वास व्यक्त गरेको थिए ।

सो अवसरमा जापानी विदेशमन्त्री योकोले जलवायु परिवर्तनको असरबारे जापान पनि चिन्तित रहेको उल्लेख गर्दै नेपालसहित अन्य देशका हिमाल जोगाउन सबै मिलेर सहकार्य गर्न जरुरी रहेको बताएकी थिइन् । उनले सन् २०५० सम्ममा कार्बन उत्सर्जन शून्यमा पुर्‍याउने लक्ष्य राखेको जनाउँदै जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि वैकल्पिक ऊर्जाको प्रयोगका निम्ति प्रविधिमा ठूलो क्रान्ति गर्न सबै मिलेर अगाडि बढाउने बताएकी थिइन् । नेपालको विकास र स्थिरता यो क्षेत्रकै लागि आवश्यक महसुस गरेर जापानले नेपालको विकासमा हरतरहको सहयोग गर्ने बताएकी थिइन् ।

(क्रमशः पृष्ठ ३ मा)

## पृष्ठ १ बाट क्रमशः

### सभामुखको निर्णयमा...

सभामुख धितालले गण्डकीका मुख्यमन्त्री अधिकारीलाई प्रदेशसभाको ३० मतको आधारमै विश्वासको मत प्राप्त भएको घोषणा गरेका थिए ।

आइतबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री अधिकारीले राखेको विश्वासको मतको पक्षमा ३० र विपक्षमा २७ मत तथा २ मत तटस्थमा रहेको सभामुख धितालले घोषणा गरे । गण्डकी प्रदेशसभा ६० सदस्यीय छ । मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न ३१ मत चाहिने हो । यसविपरीत सर्वोच्च अदालतको आदेशको कोट गर्दै धितालले ३० मत प्राप्तलाई नै बहुमत भनिदिए ।

अधिकारी गत २५ चैतमा मुख्यमन्त्री नियुक्त भएका हुन् । त्यसबेला सभामुखसमेतको संख्या जोडेर मुख्यमन्त्रीमा अधिकारीले दाबी गरेका थिए । त्यसविरुद्ध तत्कालीन मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सर्वोच्च पुगे । न्यायाधीशहरू सपना प्रधान मल्ल र सारंगा सुवेदीको संयुक्त इजलासले १७ वैशाखमा सभामुखबाहेक पनि बहुमत देखिएको व्याख्यासहित रिट खारेज गरेको थियो ।

मुख्यमन्त्रीमा दाबी पेस गर्दा अधिकारीले एमालेका २२, माओवादीका सभामुखसहित आठ, स्वतन्त्र एकसहित ३१ सांसदको समर्थन पेस गरेका थिए । पक्ष र विपक्षमा मत बराबरी भएको अवस्थामाबाहेक सभामुखले अन्य अवस्थामा मतदान गर्न नपाउने संवैधानिक व्यवस्था छ । मुख्यमन्त्री अधिकारीले विश्वासको मत लिने बेलामा बराबरीको अवस्था रहेन । त्यसैले यो प्रकरणमा सभामुखले बराबरीको मत प्रयोग गरेनन् ।

तर, आइतबार सभामुखले मुख्यमन्त्री नियुक्ति गर्नका लागि दाबी पुग्ने कि नपुग्ने भन्ने निर्क्योल गर्ने सवाल अदालतले दिएको आदेशकोसमेत कोट गरेर मत विभाजनपछि मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत प्राप्त गरेको घोषणा गरिदिए ।

गण्डकीमा मुख्यमन्त्री नियुक्तिको विवाद निरूपणका सवालमा सर्वोच्चले बोलेको कुरालाई विश्वासको मतमा लगेर जोड्न खोजिएको छ । संविधानको धारा १६८ (२) मा 'दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्ति गर्न सक्ने छ,' भनिएको छ ।

तर, गण्डकीमा मुख्यमन्त्रीका लागि दुई जनाको दाबी थिएन । यस्तो अवस्थामा सभामुखबाहेक गर्दा पनि ३० अर्थात् बहुमत नै भएकाले संसद्मा विश्वासको मत प्राप्त गर्न सक्ने बलियो सम्भावना अधिकारीमा देखिएको थियो । जुन सर्वोच्चले आदेशमा बोलेको थियो । यद्यपि, आइतबार कूल संख्यामा सभामुखलाई बाहेक गरेर विश्वासको मतमा पनि ३० मतलाई बहुमत भन्ने अर्थ लगाएर विश्वासको मत दिलाइयो ।

पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ गण्डकीमा सभामुख धितालले ३० सांसदको समर्थनलाई बहुमत भन्नुलाई जायज ठान्छन् । यसलाई असंवैधानिक भन्न नहुने उनको मत छ ।

'सभामुखले विश्वासको मत प्राप्त भयो भनेर घोषणा गर्दाको पेपर आउला । अहिलेसम्म आएको छैन । र, गण्डकी संसद्को कम्पोजिसन ६० हो । सभामुखले भोट हाल्न पाउने हो भने एउटा स्थिति हो,' उनले भने, 'भोट हाल्न पाइँदैन भने सभामुखबाहेकको बहुमत हुनुपर्‍यो नि । त्यो भनेको ३० ले पुग्छ । त्यही भयो ।'

कांग्रेसले मुख्यमन्त्री अधिकारीले विश्वास मत पाएको घोषणाप्रति गम्भीर असहमति जाहेर गरेको छ । ६० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ३१ जना सांसदको समर्थन जरुरी रहेको जिकिर दोहोर्‍याउँदै यो प्रकरणमा पुनः न्यायिक निरूपण खोज्ने चेतावनी दिएको छ । बहुमत पाउन नसकेका मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत प्राप्त भएको भनी सभामुखले गरेको घोषणा पूर्णरूपमा असंवैधानिक, संसदीय अभ्यास र परम्परा विरुद्ध रहेको पनि कांग्रेसको ठहर छ ।

संसद् बैठकपछि कांग्रेस गण्डकी प्रदेशसभाका प्रमुख सचेतक नन्दप्रसाद न्योपानेद्वारा जारी विज्ञप्तिमा सभामुखको भूमिकाप्रति पनि खेद प्रकट गरिएको छ । 'सभामुखजस्तो तटस्थ भूमिकामा रहेर संविधान र प्रदेशसभा नियमावलीको अधिनमा रही यसको कार्यान्वयन र पूर्णपालना गर्नुपर्नेमा संवैधानिक निकायमा रहनुभएका, तटस्थ भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवार व्यक्तिहरूबाट दलीय पक्षधरताको आधारमा कसैलाई सत्तामा पुर्‍याउनका लागि संविधानको खिलापमा कार्य हुनु दुःखद विषय हो ।'

नेकपा एमाले गण्डकी प्रदेशसभाका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले भने सर्वोच्चको व्याख्यालाई टेकेर सभामुखले विश्वासको मत मुख्यमन्त्री अधिकारीले पाएको घोषणा गरेको जिकिर गरे । उनले कांग्रेसले सत्तामा नहुँदाको छटपटीमात्रै प्रकट गरेको दाबी गरे ।

'कोशीमा सभामुखको हस्ताक्षर प्रयोग गर्ने कांग्रेस नै होइन ? हामीले त गणनामात्रै गरेका हौं,' उनले भने, 'एक त कांग्रेस सत्ताबाहिर टिक्नै सक्दैन । त्यसकै छटपटी हो ।' सभामुखको घोषणालाई कांग्रेसले सर्वोच्च अदालतमा सभामुख र सत्ता गठबन्धनविरुद्ध कानुनी चुनौती दिने तयारी गरेको छ ।


**भूमि सुधार तथा मालपोत कार्यालय सर्लाही, मलंगवाको**

**३५ दिने सार्वजनिक सूचना**

श्री जि सर्लाही साविक गा.वि.स मधुवनगोठ वडा नं ३ हाल विष्णु न.पा /गा.पा. वडा नं ३ मा बस्ने जय गोविन्द सा कल्वारलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. साविक गा.वि.स. मधुवनगोठ वडा नं. ३ हाल विष्णु गा.पा./न.पा. वडा नं. ३ मा बस्ने राजीनन्दन चौधरी छोरा विन्ती प्रसाद चौधरीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स मधुवनगोठ वडा नं. ३ कि.नं.२६ को ज.वि. ०-२-१० र ऐ.ऐ.कि.नं. २४० को ज.वि. ०-२-० तथा ऐ.ऐ.कि.नं.३१७ को ज.वि. ०-३-१८ जग्गाको मोही महलमा रहेको जय गोविन्द साह कल्वारको नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८१/०१/१० को आदेश वमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर वाजुर लाग्ने छैन ।



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०१/२४ गते)

श्री रत्न भक्त मल्लको नाति, श्री उमा भक्त मल्ल/दुर्गेश्वरी मल्लका छोरा, श्री रुकमणी वैद्य मल्लको पति, काठमाण्डौं जिल्ला, का. म. न.पा. वडा नं. ३०, रातोपुल (साबिक का. म.पा. वडा नं ३३ ) बस्ने उमेश मल्लको मिति २०८०/१२/२५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको रातोपुल शाखामा रहेको खाता २४००१६७३०७७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती रुकमणी वैद्य मल्लले यस बैंक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निजको श्रीमती रुकमणी वैद्य मल्ल बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय रातोपुल, काठमाण्डौंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय रातोपुल, काठमाण्डौं फोन नं. ०१-४५१६४७४/७५



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रोपटक प्रकाशित मिति: २०८१/०१/२४

**Al Mashoor Diagnostic Service Pvt. Ltd** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **Al Mashoor Diagnostic Center Pvt. Ltd** ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ७५१/०६४/०६५ यस **Dubai Overseas International Pvt.ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी बिरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसंग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसंग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Citizenship No | Post |
|---|---|---|
| Binika Shakya | 27-01-78-08168 | Documentation |
| Gita Shrestha | 90342895 | Kitchen Helper |
| Pratikshya Kc | 53-01-71-01005 | Accountant |
| Sita Kumari Rumba | 25-01-79-02099 | Receptionist |
| Prakash Kshetri | 87673 | PRO |

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MINISTRY OF INTERIOR

पूर्व स्वीकृति मिति : २०८०/०१/२३ LT. No. 304330 चलानी नं.

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 230 | ८१,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौमा संस्थाका प्रतिनिधिबाट धमाधम भइरहेको छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Montage Overseas (P) Ltd.**
श्रम इजाजत नं. 798/065/066
Kalanki - 14, Kathmandu, Nepal
P.O.Box 2349, Kathmandu, Nepal Tel: +977-1-4287119/4288555
E-mail:overseasnp@yahoo.com, Website: www.montageoverseas.com



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FARASHA AL ZAHABIYA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०१/२४ LT. No. 303999 चलानी नं. ६०२१९००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Accountant | 1 | 0 | 1500 | ५४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1800 | ६५,२५५ | | | | | | | |
| 3 | Machine Operator | 1 | 0 | 1200 | ४३,५०० | | | | | | | |
| 4 | Packing Helper | 20 | 0 | 800 | २९,००० | | | | | | | |
| 5 | Steel Fixer | 7 | 0 | 1200 | ४३,५०० | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 1800 | ६५,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pandora Incorporation (P.) Ltd.**
श्रम ईजाजत नं. ५०२/०६१/०६२
Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: +977-1-4427419, 4427854
Mobile No. 9860721022, 9808349131, E-mail: info@pandoraincorp.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CROSS ROADS TRANSPORTATION

पुर्व स्वीकृति मिति २०८१/०१/२३ LT No : 304209 चलानी नं. ६०२१९०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**मलंगवा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मलंगवा,सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## औषधिहरु खरीद सम्बन्धी वोलपत्रको सुचना

**प्रथम पटक सूचना प्रकासित मिति २०८१।०१।२४**

आ.व.२०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागी आवश्यक पर्ने ९८ प्रकारको औषधिहरु सिलवन्दी वोलपत्रको माध्यमद्धारा खरिद गर्नको लागी यो वोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. प्रथम पटक सुचना प्रकासित भएको मिति : ३० औ दिनको कार्यालय समय भित्र रु. ३,०००।- (अक्षरेपी तिन हजार रुपैया मात्र) फिर्ता नहुने गरी नगद बुझाएको सक्कल नगदी रसिद निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र वोलपत्र खरिद गर्न सकिनेछ । वोलपत्र खरिद गर्नको लागी निवेदकले आ.व.०८०।०८१ का लागी नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा स्थायी लेखा दर्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपि र आ.व. २०७९।०८० को कर चुक्ता गरेको प्रमाण को साथै आवश्यक कागजातका प्रतिलिपिहरु संलग्न राखी वोल पत्र फारम खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समय भित्र वोलपत्र खरिद गरी ३१ औ दिनको १२:०० बजे भित्र खरिद गरेको वोलपत्र रीतपूर्वक भरी यस नगरपालिकाको कार्यालय मलंगवा, सर्लाहीमा शिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको वोलपत्रहरु ३१ औं दिन दिनको २ :०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । वोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. शिलबन्दी वोलपत्र दर्ता गर्दा जमानत वापतको रकम रु.७९,५००। (अक्षेरेपी रु.उनासी हजार पांचसय मात्र) मलंगवा नगरपालिकाको नाममा रहेको नेपाल बैंक लिमिटेड मलंगवामा रहेको धरौटी खाता नं. ०२९०३००००३००००००००२ दाखिला गरेको सक्कलै बैंक भौचर कम्तीमा वोलपत्रको सूचनाको अन्तिम दिनबाट १२० दिन म्याद भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी वोलपत्र साथ पेश गर्नुपर्ने । वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछी स्वीकृत अंकको ५% बराबरको रकम समझौता गर्नँ अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नँ पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. वोलपत्र दाताले कवोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । वोलपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्ने छ ।

५. नगरपालिकाको हितमा ध्यानमा राखी प्राप्त हुन आएका वोलपत्र पूर्ण वा आंशिक स्वीकार वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै वोलपत्रमा उल्लेख भएका औषधिहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि वोलपत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

६. स्वीकृत वोलपत्र अनुसारको औषधि तथा सर्जिकल सामानहरु एकमुष्ठ वा आवश्यक अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने WHO GMP Certify Company बाट उत्पादन भएको उच्च गुणस्तर भएको हुनुपर्दछ ।

७. रीत नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. कार्यालयमा आपूर्ति औषधिहरुको ढुवानी वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्ने छ ।

९. वोलपत्र फारममा प्रत्येक सामानको आइटमवाईज दररेट अनिवार्य रुपले भर्नुपर्ने छ ।

१०. सप्लाई गरिने औषधिको कम्तीमा १८ महिना वा ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्ने छ साथै यो औषधि निःशुल्कहो भनि छाप लगाएको हुनु पर्नेछ ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार वोलपत्रदाताले कानुनी रुपमा अयोग्य छैन भनी लिखित रुपमा गरेको घोषणापत्र वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

१२. उपरोक्त शर्त वाहेक यसमा नपरेका शर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ । वोलपत्र सम्बन्धि अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१३. खरिद गरीने सामानहरुको लागत अनुमान रु.२६,५०,०००।- (अक्षेरेपी छव्विस लाख पचास हजार मात्र ) रहेको छ ।

१४. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, एक्स्पायरी मिति, ब्याच नम्बर स्पष्ट रुपमा र नेपाल सरकारद्धारा निःशुल्क वितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्ने छ । साथै सप्लाई हुने औषधिहरुको विल साथ ब्याच नम्बर पेशगर्नु पर्नेछ

१५. बोतलहरुमा सप्लाई गरिने आईटमहरु सबै प्लाष्टिक बोतलमा हुनुपर्नेछ ।

१६. भुक्तानीको किसीम : नेपाल सरकार वाट प्राप्त निकासा अनुसार हुने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## पृष्ठ १ बाट क्रमशः

### झनै शक्तिशाली ...

जसपाकै नेता अशोक राईको अध्यक्षतामा अर्को जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ताका लागि निवेदन परेको छ । आइतबार राईसहित सात सांसद पुगेर आयोगमा दल दर्ताका लागि निवेदन दिएका हुन् । आयोगमा नयाँ दल दर्ता भएमा सुमन प्रवक्ता रहेको पार्टी जनमतभन्दा पनि मुनि अर्थात् नवौं दलमा झर्ने छ ।

जसपा अध्यक्ष उपेन्द्र यादव अमेरिकाबाट भोलि मंगलबार नेपाल आइपुग्ने कार्यक्रम छ । उनी नेपाल नआइपुग्दै उनको पार्टी फुटतिर लागेको हो । जसपा फुटेपछि प्रवक्ता सुमनले आफ्नो पार्टी फुटेको नभई चोइटिएको तर्क गरेका छन् । अध्यक्ष यादव अमेरिकामा भएकोले उनको कुनै प्रतिक्रिया बाहिर आएको छैन ।

### नयाँ पार्टीमा कसको पद के ?

नयाँ दलको अध्यक्षमा अशोक राई र महासचिवमा मोहम्मद इस्तियाक राईलाई प्रस्तावित गरिएको छ । पुराना कम्युनिस्ट नेता अशोक जसपामा वरिष्ठ नेताको हैसियतमा थिए । इस्तियाक पूर्वमन्त्री हुन् । उनी गत निर्वाचनमा बाँके २ मा पराजित भएका थिए ।

नयाँ पार्टीको नाम जनता समाजवादी पार्टी नै प्रस्ताव गरिएको छ । निर्वाचन आयोगले निवेदन दर्ता गरे पनि दल दर्ता भइनसकेको जसपाकी सांसद सुशीला श्रेष्ठले बताइन् । 'हामी दिउँसो ४ बजे नै पुगेका थियौं । तर सनाखतदेखि विभिन्न प्रक्रियाले ढिला भयो,' श्रेष्ठले भनिन् । पार्टीमा एक सहअध्यक्ष र चार उपाध्यक्ष प्रस्तावित छन् । सहअध्यक्षमा रेणुकुमारी यादव छिन् भने उपाध्यक्षहरूमा नवलकिशोर साह सुडी, रणध्वज लिम्बू, परशुराम बस्नेत र सुशीला श्रेष्ठ रहेका छन् ।

यस्तै प्रदीप यादवलाई उपमहासचिवमा प्रस्ताव गरिएको छ भने दीपक कार्की र रञ्जु झा सचिव छन् । कोषध्यक्षमा डा. वीरेन्द्र महतोलाई प्रस्ताव गरिएका छन् । विवादास्पद छविका नेता आङकाजी शेर्पाले अशोक राईलाई रोजेका छन् । उनी केन्द्रीय सदस्यमा प्रस्तावित छन् । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह पनि राईतिरै लागेका छन् ।

### बार्गेनिङ पावर बढाउँदै माधव नेपाल

जसपा फुटपछि एकीकृत समाजवादीका अध्यक्ष नेपालको बार्गेनिङ पावर झनै बढ्ने देखिएको छ । नेपाललाई भारतीय पक्षले प्रधानमन्त्री बनाउन चाहिरहेको बताइएको छ । मधेस राजनीतिका एक जानकारका अनुसार जसपा फुटाएर नयाँ दल दर्ताका लागि आयोग पुगेकाहरू भारतीय चाहनामा चल्ने नेताहरू हुन् । उनीहरूकै सहयोगमा नेपाल प्रधानमन्त्री बन्ने वातावरण तय हुने बताइएको छ ।

सुरुमा दाहाल नेतृत्वको सरकारलाई सघाएर एमालेका अध्यक्ष केपी शर्मा ओलीनिकट बन्ने र पछि नेपाललाई साथ दिने रणनीतिका साथ पार्टी फुटेको बताइन्छ । सरकारका उपप्रधान तथा स्वास्थ्यमन्त्रीसमेत रहेका यादवले सरकार छाड्नासाथ राई नेतृत्वको जसपा सत्तामा जाने छ । त्यसपछि नयाँ समीकरणको सरकार बन्ने सम्भावना रहेको छ ।

नेपाललाई एमाले र कांग्रेसबाटसमेत प्रधानमन्त्रीको 'अफर' पुगेको बताइएको छ । यस्तो अवस्थामा आफ्नो दलमा बचेखुचेको शक्ति जोगाउन बरु दाहाल राजीनामा दिएरै नेपाललाई प्रधानमन्त्री बनाउने निचोडमा पुगेको स्रोतको भनाइ छ । एमाले र कांग्रेसको निकटताका कारण दाहाल त्रसित छन् । यसै विषयमा दाहालले शुक्रबार मध्यरात ओली र गृहमन्त्री रवि लामिछानेसँग छलफल गरेका थिए ।

कांग्रेस भने दाहाललाई जसरी पनि कर्नरमा पुर्‍याउने रणनीतिका साथ ओली र नेपाललाई प्रधानमन्त्री बनाएरै अगाडि बढ्नेगरी अघि बढेको सभापति शेरबहादुर देउवानिकट नेताको दाबी छ । 'कांग्रेसका तीनथरी प्लान छन्, प्लान ए- देउवा आफैं प्रधानमन्त्री बन्ने, नभए ओलीलाई अघि बढाउने उनी नमाने माधव नेपाललाई नेतृत्व दिने,' ती नेताले भने ।

### नेपाल भ्रमण ...

यसैगरी प्रधानमन्त्री कार्यालय सिंहदरबारमा प्रधानमन्त्री दाहाल र जापानी विदेशमन्त्री योकोबीच भएको भेटमा द्विपक्षीय चासो, आर्थिक सहकार्यलगायत विविध विषयमा छलफल भएको प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. रुपक सापकोटाले जानकारी दिए ।

भेटमा प्रधानमन्त्री दाहालले नेपाल-जापानबीच कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै नेपालको आर्थिक एवं सामाजिक विकासमा जापान सरकारले सहयोग पुर्‍याउँदै आएको र पछिल्लो समय नेपालको ठूला पूर्वाधार निर्माणमा पनि महत्वपूर्ण सहयोग गरेको बताए । उनले नेपालको पूर्वाधार एवं आर्थिक-सामाजिक क्षेत्रमा जापान सरकारबाट प्राप्त हुँदै आएको योगदानप्रति आभार व्यक्त गरे ।

### दुई देशका परराष्ट्रमन्त्रीबीच भेटवार्ता

विदेशमन्त्री योकोले उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठसँग मन्त्रालयमा भेटघाट र द्विपक्षीय वार्ता गरेकी थिइन् । परराष्ट्रमन्त्रीस्तरीय प्रतिनिधिमण्डलबीच भएको वार्तामा द्विपक्षीयसम्बन्ध र सहयोगलाई थप सुदृढ गर्ने विषयमा छलफल भएको उपप्रधानमन्त्री श्रेष्ठले जानकारी दिए । भेटवार्तापछि सञ्चारकर्मी कुरा गर्दै उनले नेपाल र जापानबीचको द्विपक्षीयसम्बन्धलाई थप मजबुत बनाउने र आर्थिक सहयोगात्मक सम्बन्धलाई फराकिलो बनाउने सम्बन्धमा छलफल भएको बताए । 'दुवै प्रतिनिधिमण्डलबीच विभिन्न अन्तर्राष्ट्रिय मामिलाका विषयमा पनि छलफल भयो,' उपप्रधानमन्त्री श्रेष्ठले भने ।

जापानी विदेशमन्त्री योकोको औपचारिक सद्भाव भ्रमण भएकाले वार्तामा कुनै पनि विषयमा सम्झौता वा समझदारी नभएको उनले स्पष्ट पारे ।

### वसन्तपुर क्षेत्रको अवलोकन

आइतबार नेपाल आएकी विदेशमन्त्री योकोले दिउँसो काठमाडौंको वसन्तपुर क्षेत्र र जमलस्थित मण्डला बुक प्वाइन्टको अवलोकन गरिन् । उनी दिउँसो २ बजे वसन्तपुर क्षेत्रमा पुगेकी थिइन् । उनले कालभैरव, हनुमानढोका र त्यहाँ रहेका नेपाली सांस्कृतिक सम्पदा तथा वस्तुहरूको अवलोकन गर्दै करिब आधा घण्टा बिताइन् ।

मण्डला बुक प्वाइन्टमा अवलोकनपछि उनले बुद्धको मूर्ति खरिद गरिन् । उनका साथमा नेपालका लागि जापानी राजदूत किकुता युताकालगायत थिए । उनले नेपाली लेखकका पुस्तक खरिद गरेकी थिइन् । उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठले उनको सम्मानमा रात्रिभोजको आयोजना गरेका थिए ।


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARAGON EMPLOYMENT SERVICES LLC शहरः UAE

पूर्व स्वीकृति मितिः २०८१/०१/२३ LT. No. 304264 चलानी न. ६०२१९०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 250 | 0 | 800 | २९,००१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Langtang Overseas Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal
Bikash Nagar Marga
Tel No.01-4971229, 01-5903078, 01-5903079, Mobile No.9810319676, 9851358932, 9818510349
E-mail : officelangtang@gmail.com, www.langtangoverseas.com


## ब्रह्मपुरी गाउँपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

### बोलपत्र स्वीकृतिको लागि आश्य-पत्र जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/२४)

यस गाउँपालिकाबाट मिति २०८०/१२/१६ गते प्रकाशित सूचना अनुसार पर्न आएको बोलपत्रहरूको मूल्याङ्कनबाट सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरूमध्ये न्यूनतम् अङ्क कबोल गरेको तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र नम्बर | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| BRM/SQ/CS/01/080/081 | ब्रह्मपुरी गाउँपालिकाको यातायात गुरुयोजना कार्य | डाइनेमिक रिसोर्सेस म्यानेजमेन्ट सर्भिस प्रा.लि., बानेश्वर, काठमांडौं र इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि., पुतलीसडक, काठमाडौं जे.भी. | ४,५०,३०५/- (भ्याट समेत) |

## गोकर्णेश्वर नगरपालिका

## गोकर्णेश्वर नगर अस्पताल

गोकर्णेश्वर वडा नं.४

काठमाडौं, बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१/०१/२४

यस अस्पतालको आ.व.२०८०/८१ को लागि मिति २०८०/०१/०३ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएका तपसिल वमोजिमका बोलपत्र स्वीकृतिका लागि छनोट भई आशय पत्र दिने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | बोलपत्रदाताको नाम | कबोल गरेको अंक (भ्याट बाहेक) | कार्य सम्पादन जमानत रकम |
|---|---|---|---|---|
| १. | GNH २०८०/८१/३ | Surjimed Distributors Pvt. Ltd. Dharan | रु. ७२७०४२८/- | रु. ७२,३७६२६/- |
| २. | GNH २०८०/८१/४ | Medifeed international, Kathmandu | रु. १३,१२,८९०/- | रु. ६५,६४५/- |
| ३. | GNH २०८०/८१/५ | Medifeed international, Kathmandu | रु. ४३,९३,०००/- | रु. २,१९,६५०/- |
| ४. | GNH २०८०/८१/६ | Medifeed international Kathamandu | रु. ५,८०,४००/- | रु. २९,०२०/- |
| ५. | GNH २०८०/८१/७ | Neom international, Kathmandu | रु. १,८०,५००/- | रु.. ९,०२५/- |
| ६. | GNH २०८०/८१/८ | Sagarmatha Trade link, Kathmandu | रु. ४,०७,७०८/- | रु. ५,१३,१२४/- |


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १२ वैशाख २२ गते २०८१ मा प्रकाशित Inspire International Employment Pvt. Ltd. को Lot No. 304248 को कम्पनीको नाम Water Seal Insulation Mat Cont. Co. L L C हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.
Airport, Shambhu marg-4, Kathmandu, Nepal
Phone: (+977) 01-5919190, Email: inspireintemp@gmail.com


## राहदानी हरायो

मिति २०८०/१०/२० गते दरबारमार्गदेखि घण्टाघरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **तारा कुमार खड्का**
राहदानी नं : **०८५७१३७३**
जन्मस्थान : सिमपानी, खोटाङ
हालको ठेगानाः **रत्ननगर-२, चितवन**
सम्पर्क : **९८४५६४८९४३**

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८१/०१/२४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०२/०९

**बोलपत्र खोलिने मिति**
२०८१/०२/११ दिउँसो १ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | अधिबिकर्ष कर्जा | **ऋणी : माँ विन्दवासिनी ज्वेलर्स**<br>प्रा.फ.र.नं. : ३०७८१/०६९/०७०<br>(स्थानीय व्यापार)<br>ठेगाना : विन्दवासिनी ०७, पर्सा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सीमा देवी सर्राफ**<br>(ना.प्र.नं. १३३२, मिति २०५३/१०/२१ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : भरत साह सर्राफ<br>पति : विरेन्द्र प्रसाद सर्राफ<br>ससुरा : सिदनी साह सोनार<br>**२. विरेन्द्र प्रसाद सर्राफ**<br>(ना.प्र.नं. ०५६४२६०१, मिति २०५२/१२/०६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : सिदनी साह सोनार<br>बाजे : रघुनी शाह सोनार<br>**३. संदिप कुमार सर्राफ**<br>(ना.प्र.नं. ३४३००९/२५, मिति २०७७/०२/२० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : विरेन्द्र प्रसाद सर्राफ<br>बाजे : सिदनी साह सोनार | सीमा देवी सर्राफको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ३२५१ (०-०-१०-० विगाहा), वडा नं. ०२ बैरियाविर्ता स्थित कि.नं. ४५५ (०-०-५-४ विगाहा) र ४५६ (०-०-४-१२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>शाखा कार्यालय : वीरगंज<br>धितो रहेको मालपोत कार्यालय : पर्सा |
| २. | व्यक्तिगत कर्जा | **ऋणी : सफीउद्दीन जोल्हा**<br>(ना.प्र.नं. २०५२२, मिति २०४८/०४/०९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>ठेगाना : ओमसतिया गा.पा. ०४, रुपन्देही<br>बाबु : भुवर जोल्हा<br>बाजे : कडक्का जोल्हा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. जमिला खातुन**<br>(ना.प्र.नं. ३७-०१-७०-०५८९५, मिति २०७०/०४/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : साफीउद्दीन जोल्हा<br>ससुरा : भुवर जोल्हा<br>**२. मोहम्मद सहिद जोल्हा**<br>(ना.प्र.नं. २०७११, मिति २०५९/०१/१२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : साफीउद्दीन जोल्हा<br>बाजे : भुवर जोल्हा | सफीउद्दीन जोल्हाको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स./न.पा. वडा नं. ५ (क) स्थित कि.नं. ८०१ (०-९-८-० विगाहा), कि.नं. ८०० (०-१-१२-० विगाहा) र कि.नं. ८०३ (०-३-२½-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>शाखा कार्यालय : भैरहवा<br>धितो रहेको मालपोत कार्यालय : रुपन्देही |
| ३. | विविध कर्जा | **ऋणी : लब्दकोट सप्लायर्स**<br>प्रा.फ.र.नं. : ४६११/०७७/०७८<br>ठेगाना : माथागढी ०४, पाल्पा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. विनीराम ठाडा मगर**<br>(ना.प्र.नं. ९४७२४, मिति २०५९/०५/१८ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>बाबु : टोप बहादुर ठाडा मगर<br>बाजे : सुनविर ठाडा मगर<br>**२. प्रकाश कार्की**<br>(ना.प्र.नं. ८९११९, मिति २०५८/०८/२१ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>बाबु : कुल बहादुर कार्की<br>बाजे : खुम बहादुर कार्की<br>**३. टोप बहादुर ठाडा मगर**<br>(ना.प्र.नं. २७४, मिति २०४४/११/२८ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>बाबु : सुनविर ठाडा मगर<br>बाजे : नाम प्राप्त नभएको<br>**४. दुली कुमारी ठाडा**<br>(ना.प्र.नं. ३५०, मिति २०४४/११/२८ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>पति : टोप बहादुर ठाडा मगर<br>ससुरा : सुनविर ठाडा मगर<br>**५. टिपा देवी ठाडा मगर**<br>(ना.प्र.नं. ३९१०१५/१५१, मिति २०६५/१२/१७ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>पति : विनीराम ठाडा मगर<br>ससुरा : टोप बहादुर ठाडा मगर | १. विनीराम ठाडा मगर र प्रकाश कार्कीको नाममा पाल्पा जिल्ला मालपोत कार्यालय तानसेन, पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला झडेवा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १४३५ (४-०-३-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. विनीराम ठाडा मगरको नाममा पाल्पा जिल्ला मालपोत कार्यालय तानसेन, पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला झडेवा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. १९६२ (१-०-०-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>शाखा कार्यालय / धितो रहेको मालपोत कार्यालय : तानसेन, पाल्पा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## मातृभाषामैत्री बागमती सरकार

आजबाट बागमती प्रदेशमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा बन्दै छ । बागमती प्रदेशका रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, दोलखा, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, काभ्रेपालञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुरका सरकारी कार्यालयहरूमा अब तामाङ र नेपाल भाषाको प्रयोग गर्न पाइने छ। सरकारी भाषा बनेसँगै निवेदन, वडापत्र, विभिन्न सरकारी कागजातहरूमा यी दुई भाषामा सरकारी लगानी हुने छ। भाषा नबुझ्नेहरूका लागि दोभाषेसमेत राख्न पाउने छ। संघीयतापछि प्रदेश सरकारले भाषालाई यसरी सरकारीकरण गर्नु निकै स्वागतयोग्य कदम हो । नेपालका हरेक भाषा राष्ट्रको सम्पत्ति हो । यी भाषाहरूलाई जोगाउनु राज्यको दायित्व हो ।

नेपालको संविधानको धारा ७ मा सरकारी कामकाजी भाषाको सम्बन्धमा उपधारा (१) मा देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ भनिएको छ । त्यस्तै, उपधारा (२) मा नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने उल्लेख गरिएको छ । हरेक नागरिकले आफ्नो भाषामा सोच्न र बोल्न पाउनुपर्छ । यो यसको मौलिक हक हो । राज्य र नागरिकले कुनै भाषामा जति लगानी बढाउँदै जान्छ भाषा उत्तिकै मौलाउँदै जान्छ ।

ठूलो मात्रामा जनसंख्या भए पनि सरकारी कामकाजको भाषा नबन्दा नेपाल र तामाङ भाषा बोल्नेको संख्या कम हुँदै गएको थियो। यद्यपि व्यापारिक क्षेत्रमा नेपाल भाषा र मजदुरी तथा यातायात क्षेत्रमा तामाङ भाषाको प्रयोग भने उल्लेख्य नै रहेको छ । यस्तो अवस्थामा प्रदेश सरकारले बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको अध्यक्षतामा तामाङ र नेपाललाई प्रदेश सरकारले सरकारी कामकाजको भाषा तय गर्न कार्यदल बनाएको थियो। उक्त समितिमा विज्ञ सदस्यहरू अमृतकुमार योञ्जन, ओमकारेश्वर श्रेष्ठ सहभागी थिए । समितिले २०८० वैशाख १० गते प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई प्रतिवेदन बुझाएको थियो ।

गत असोज २३ गते बागमती प्रदेशसभाले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषा बनाउने विधेयक पारित गरेको थियो । प्रदेशसभाको बैठकमा तत्कालीन संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले प्रदेशसभाको बैठकमा उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । प्रदेशसभाबाट पारित उक्त ऐन २०८० कात्तिक २३ गते राजपत्रमा प्रकाशित भइसकेको छ। राजपत्रमा प्रकाशित भएको १८० दिनभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने भएकोले आज (वैशाख २४) देखि कार्यान्वयनको घोषणा हुँदै छ ।

प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० नाम दिइएको उक्त विधेयकमा १७ वटा दफा छन् । विधेयक पारित भएसँगै माघ १० मा पहिलोचोटि मकवानपुर जिल्ला प्रशासन कार्यालयले तामाङ भाषामा नागरिक वडापत्र जारी गरेको थियो । आजबाट दुई भाषाले सरकारी कामकाजको ठाउँ पाएको छ । बागमती सरकारको यो कदमको स्वागत गर्दै अरु भाषालाई पनि जोगाउने काममा प्रदेश सरकारको ध्यान जाओस् । शुभकामना ।

मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दु:साहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# नेपालको लोकतान्त्रीकरण प्रवर्द्धनमा जापानको सहयोग



▸▸ खामिखावा योको

"जापान" शब्द सुन्दा तपाईंहरूको मनमा कस्तो विचार आउँछ ? "नेपाल" शब्द सुन्नासाथ हामी जापानीहरूको मनमा सर्वोच्च शिखर सगरमाथाको प्रतिनिधित्व हुने अपूर्व मनोरम हिमालय पर्वतहरूको परिकल्पना आउँछ । जापानको फुजी पर्वतको फेदमा अवस्थित सिजुओका प्रान्तमा जन्मी हुर्केकी मेरा लागि नेपाल गहिरो आत्मीयता भएको मुलुक हो, जुन मुलुकमा आज पहिलोपटक भ्रमण गर्न पाउँदा म अत्यन्तै हर्षित छु ।

सन् २०२६ मा जापान-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुग्दै छ । यही वर्ष नेपाल अति कम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति हुँदै छ । म जापानको विदेशमन्त्रीको हैसियतले यस सम्झनायोग्य वर्षका लागि नेपालसँगको सम्बन्धलाई अझ प्रगाढ बनाई अति कम विकसित मुलुकबाट स्तरोन्नति हुन नेपालको थप विकासका लागि दृढतापूर्वक सहयोग गर्दै जाने विचार व्यक्त गर्दछु ।

जापान र नेपाल दुवै लोकतान्त्रिक मुलुकहरू भएकाले नेपालको लोकतान्त्रीकरण प्रयासमा जापानले विभिन्न सहयोग प्रदान गरेको छ । सन् २००८ मा राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको घोषणा भएदेखि नेपालको संसदीय निर्वाचनमा जापानले निर्वाचन पर्यवेक्षक पठाइरहेको छ तथा नेपालको कानुनी प्रणालीको विकासमा सहयोग गरी नेपालमा लोकतान्त्रीकरणको प्रवर्द्धनमा योगदान पुऱ्याउन विभिन्न सहयोग प्रदान गरेको छ । विगतमा म कानुनमन्त्री हुँदा कानुन मन्त्रालयले जाइकासँगको सहकार्यमा नेपालको मुलुकी देवानी संहिता र मुलुकी देवानी कानुन नियमावली तयार पार्ने विषयमा प्रशिक्षण प्रदान गर्नुका साथै नयाँ मुलुकी देवानी संहिताको तयारीमा पनि सहयोग गरेको थियो ।

यस अवसरमा हालैका वर्षमा जापान सरकारले सशक्त रूपमा प्रवर्द्धन गरेको 'महिला, शान्ति, सुरक्षा' (डब्ल्युपिएस), जुन मेरो जीवनकालको काम पनि हो । यस सम्बन्धमा नेपालसँगको सहकार्यबारे पनि कुरा गर्न चाहन्छु । डब्ल्युपिएसले द्वन्द्वमा परेका महिला जस्ता नाजुक स्थितिका मान्छेहरूको संरक्षणमा पहलकदमी गर्दै महिलाहरूको नेतृत्वकारी भूमिकाले द्वन्द्वको रोकथाम र मानवीय पुन:निर्माणमा सहभागी भई दिगो शान्तिको नजिक पुग्न सकिन्छ भन्ने विचार हो । जापान सरकारले डब्ल्युपिएसलाई जोडतोडका साथ बढावा दिइरहेको छ र मैले पनि विदेशमन्त्रीका रूपमा पदभार ग्रहण गरेपछि नै विभिन्न पहल गर्दै आइरहेको छु । संयुक्त राष्ट्र संघीय शान्ति स्थापना कार्य (पिकेओ) मा विश्वमा सबैभन्दा बढी शान्ति सेना पठाउने मुलुक तथा सबैभन्दा धेरै महिला शान्ति सेना खटाउने मुलुक पनि नेपाल नै हो । यसरी डब्ल्युपिएस क्षेत्रमा पनि सहयोगको प्रचुर सम्भावना भएकाले यसपटकको नेपाल भ्रमणको क्रममा म नेपालसँगको सहयोगको सम्भाव्यताबारे खोजी गर्न चाहन्छु ।

मेरा प्रिय नेपाली साथीहरूमा नमस्कार । 'जापान' शब्द सुन्दा तपाईंहरूको मनमा कस्तो विचार आउँछ ? 'नेपाल' शब्द सुन्नासाथ हामी जापानीहरूको मनमा सर्वोच्च शिखर सगरमाथाको प्रतिनिधित्व हुने अपूर्व मनोरम हिमालय पर्वतहरूको परिकल्पना आउँछ । जापानको फुजी पर्वतको फेदमा अवस्थित सिजुओका प्रान्तमा जन्मी हुर्केकी मेरा लागि नेपाल गहिरो आत्मीयता भएको मुलुक हो, जुन मुलुकमा आज पहिलोपटक भ्रमण गर्न पाउँदा म अत्यन्तै हर्षित छु ।

पछिल्लो समय जापानमा नेपालको उपस्थिति दिनप्रतिदिन बढ्दै गइरहेको छ । सन् १९०२ मा पहिलोपटक नेपाल सरकारले जापानमा अध्ययन गर्नका लागि आठ जना नेपाली विद्यार्थी पठाएको पनि १२० वर्ष नाघिसकेको छ । आज हाम्रा दुई मुलुकहरू सात घण्टाजतिको सीधा हवाई उडानबाट जोडिएका छन् । हाल जापानमा बस्ने नेपालीको संख्या एक लाख ७० हजार नाघिसक्यो । जुन जापानमा बसोबास गर्ने विदेशीको संख्यामा छैटौं ठूलो हो । जापानमा बसोबास गर्ने नेपालीहरूको सक्रिय सहभागिताका कारण दुई देशबीचको सम्बन्ध निरन्तररूपमा प्रगाढ हुँदै गएकोमा म अत्यन्त हर्षित छु ।

जापान र नेपालबीच धेरै समानता छन् । एउटाचाहिँ दुवै देशको ७० देखि ८० प्रतिशत क्षेत्रफल पहाडी अथवा हिमाली भू-भागले ओगटेको छ । भिरालो भूवनोटका कारण निरन्तर प्राकृतिक प्रकोपको सामना गर्दै आएको जापानको इतिहासलाई विचार गर्दा नेपालजस्तो पहाडी मुलुकको राष्ट्रनिर्माण अत्यन्तै कठिन छ भन्ने कुरा जापानी हुनुको नाताले म बुझ्न सक्छु ।

दुर्भाग्यवश दुवै देशले भूकम्पबाट क्षति बेहोर्नुपरेको कुरामा पनि समानता छ । त्यसैले हामी दुवै देशले एक अर्काको देश ठूला भूकम्पको चपेटामा पर्दा विशेष सहानुभूति तथा ऐक्यबद्धताको भावनाबाट उत्प्रेरित भएर परिवारको जस्तो एकअर्कामा सहयोगी हातहरू बढाउँदै आइरहेका छौं । सन् २०११ मा पूर्वी जापानमा गएको महाभूकम्पमा नेपालको तर्फबाट पाँच हजार थान कम्बल सहयोग तथा जापानमा बसोबास गर्ने नेपालीहरूले ठाउँठाउँमा तातो नेपाली खाना तथा कफीजस्ता सामग्री प्रदान गरेका थिए । सन् २०१५ मा नेपालमा गएको गोरखा भूकम्पपछि जापानले करिब एक अर्ब ६८ करोड येनको आकस्मिक अनुदान सहयोग तथा त्रिपाल र कम्बलजस्ता आकस्मिक राहत सामग्री प्रदान गर्नुका साथै जापानी विपद राहत टोली (उद्धार टोली, स्वास्थ्य उपचार टोली र जापानी आत्मरक्षा फौजको टोली) नेपाल पठाएको थियो । यी आपत्कालीन मानवीय सहयोगका अतिरिक्त जापानले 'अझ सशक्त पुनर्निर्माण' (बिल्ड ब्याक बेटर) अन्तर्गत विद्यालय, निजी आवास, सार्वजनिक भवनको पुनर्निर्माणका क्षेत्रमा कूल ३२ अर्बभन्दा बढी जापानी येन सहायता प्रदान गरेको थियो ।

यसै वर्षको जनवरीमा जापानको नोटो प्रायद्वीपमा गएको भूकम्पपछि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल तथा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललगायत नेपाल सरकारका धेरै महानुभावबाट हार्दिक सहानुभूतिका सन्देशहरू हामीले प्राप्त गऱ्यौं । यसबाहेक जापानमा रहेका नेपालीहरू विपद्ग्रस्त क्षेत्रमा पटक-पटक गएर 'संकटको समयमा मित्रहरूबीच आपसी सहयोग' भन्ने नाराका साथ मसालेदार नेपाली खाना तयार गरी भारी हिमपातले अत्यन्त ठण्डा मौसममा पीडितहरूको हृदय र शरीरमा न्यानो साहसको सञ्चार गर्न प्रोत्साहन गर्नुभयो । जापानी विदेशमन्त्रीको हैसियतले नेपालीहरूको जापानप्रतिको न्यानो सहयोग तथा भावनाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

जापान र नेपालले प्राकृतिक स्रोतहरूको पनि अभाव झेलिरहेका छन् । त्यसैले दुवै मुलुकलाई अन्तरआबद्धताको सुनिश्चितता गरी, शक्ति या बलमिच्याइँबाट मुक्त भई, मुलुकको आकारसँग नभई स्वतन्त्रता र कानुनी शासनको सुनिश्चितता गर्ने अन्तर ाष्ट्रिय समुदायको आवश्यकता छ । यस्तो अन्तर्राष्ट्रिय समुदायलाई मूर्तरूप दिन हरेक मुलुकले आफ्नो कमीकमजोरीलाई पार गर्दै बलियो समाज निर्माण गर्नु पूर्वसर्त हो । यसै कुरालाई ध्यानमा राखेर जापानले नेपाललाई दिगो विकास र स्थायित्वको मार्गमा अग्रसर हुने कुरालाई ठूलो महत्त्व दिएको छ ।

यही विचारमा आधारित भएर जापानले सन् १९६९ देखि नेपालको भौगोलिक तथा ऐतिहासिक पृष्ठभूमिलाई मध्यनजर गर्दै विद्युत्, सडक, विमानस्थल, खानेपानी जस्ता पूर्वाधारको निर्माण तथा कृषि, शिक्षा, स्वास्थ्य उपचारलगायत नेपालका विविध क्षेत्रको विकासमा सहयोग गर्दै आइरहेको छ । हालसालै छिचोलिएको नागढुंगा सुरुङमार्ग नेपालकै पहिलो पहाडी सडक सुरुङ हो र यो निर्माण सम्पन्न भएपछि सडक यातायात सञ्जाललाई सहज बनाई तीव्र गतिमा बढिरहेको ट्राफिक व्यवस्थापनको मागलाई सम्बोधन गर्नुका साथै यात्राको समय पनि घट्न जाने छ । यस अलावा सडक सुरक्षामा सुधार भइ क्षेत्रीय, सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याई समग्र नेपालको थप विकासमा दृढताका साथ सहयोग पुऱ्याउने छ । जापानको यस्तो पूर्वाधार सहयोगमार्फत नेपाली जनताले आफ्नो दैनिक जीवनयापनमा सुरक्षा र सुविधाको वास्तविक रूपमै अनुभव गर्न सकुन् भनी हामीले कामलाई निरन्तरता दिइरहेका छौं ।

*(खामिखावा जापानी विदेशमन्त्री हुन्)*

पत्र-मञ्जुषा

## पानी अभावमा काकाकूल जनता, सरकारलाई 'हाइसञ्चो'

मानव होस् या पशुपक्षी, जीवजन्तु कोही पनि पानीविना बाँच्न सक्दैन । तर, केही वर्षयता देशभरका खोला, नदीनाला, कोशीसमेत प्रदूषित बन्दै गएका छन् । त्यहाँ पानीसमेत सुक्न थालेको छ। काठमाडौं उपत्यकाभित्र ६३४ वटा त ढुंगेधारा मात्र थिए । ताल, पोखरी, कुवा त हजारौं थिए । तर, अहिले केही पनि छैन ।

उपत्यकामा पोखरी, ढुंगेधारा, कुवा खोज्दा पनि नभेटिने अवस्था छ । किनकि दलाली, भू-माफिया वा मानिसहरूले नै यस्ता जग्गाहरू आफ्नो नाममा ल्याइसकेका छन् । घर बनाएका छन् । अहिले उपत्यकाभित्र बग्ने खोलाहरू निकै प्रदूषित वा फोहोर बनेको छ। खोलामा ढल मिसाइएको छ। यस्तो पानी खाएमा पशुपक्षी, जीवजन्तुसमेत बाँच्न सक्दैनन् ।

यता, भएका ढुंगेधारामा पनि पानी आउँदैन । पानी अतिआवश्यक चिज हो । पिउनसँगै घरायसी प्रयोजनका लागि पनि पानीको उत्तिकै आवश्यक पर्छ । बजारमा एक जार पानीको ६० रूपैयाँदेखि ८० रूपैयाँसम्म लिइन्छ । एक बोतल पानीको २५ रूपैयाँदेखि ३० रूपैयाँ लिइन्छ । एक टयांकर पानीको दुई हजारदेखि पाँच हजारसम्म लिइन्छ ।

राजधानीका विभिन्न ठाउँमा पानीका लागि आधुनिक मेसिन राखिएको छ । त्यहाँ दुई रूपैयाँको सिक्का हालेपछि पानी निस्किन्छ । तर, त्यो पानीले मानिसको घाँटीसमेत भिज्दैन । अर्कोतर्फ दुई रूपैयाँ नहुनेले त पैसा पनि खान पाउँदैनन् । सँगै अशिक्षित वा मेसिन प्रयोग गर्न नआउनेहरू पनि पानी पिउनबाट वञ्चित हुने देखिन्छ । होटल, रेस्टुरेन्टमा खाजा नखाई पानी दिइँदैन । उल्टो पानी बेचिन्छ त्यहाँ । जमिनमुनिबाट मूल फुटेर आउने पानी पनि बन्द भइसकेको छ । घर र बाटो बनाउँदा ती पानीहरू आउन सकेका छैनन् वा सुकिसकेका छन् । अहिले कतिपय व्यापारीहरूले जमिनमुनिको पानी बोरिङ गरी त्यसलाई जार, बोतल वा टयांकरमार्फत बेचिरहेका छन् । त्यो पानी गुणस्तरीय छ कि छैन ? सरकारलाई मतलब छैन ।

आकाशबाट पानी त पर्छ । तर, त्यो पानी जमिनमुनि जान पाउँदैन । किनकि सबैतिर घर र बाटो बनेको छ । पानी जमिनमुनि जान नपाउँदा डुबान हुने वा बाढीपहिरो आउने जोखिम पनि उत्तिकै बढेको छ। सरकारलाई खेतीयोग्य जमिनमा घर बनाउन दियो । मानिसहरूले धमाधम घर बनाए । र, भाडामा लगाउन थाले । अहिले घरधनी र डेराबहालबीच पानीको निहुँमा जुहारी चल्ने गरेको छ । घरधनीहरू पानी किनेर आउँछन् तर डेराबहाललाई दिँदैनन् । सरकारले हिजो सोच्दै नसोची घर बनाउन दिँदा आज पानीको हाहाकार चलेको छ । सरकारले पानी दिन सकेको छैन । पानी दिन नसक्ने भए हिजो अनि घर बनाउन धमाधम स्वीकृति दिइयो ? उपत्यकामा एउटै कोठाको नौ हजारदेखि २० हजार भाडा लिइन्छ ।

एउटा सटरको ३० हजारदेखि १८ लाख र एक फ्ल्याटको ३० हजारदेखि दुई लाख असुल्छन्, घरधनीहरू । त्यस्तै, खाली सटर २० लाखदेखि ६० लाखसम्ममा किनबेच हुन्छ । यति महँगो भाडा असुले पनि घरधनीहरू डेराबहाललाई पानीचाहिँ दिँदैनन् । देशमा खानेपानी मन्त्रालय छ । खानेपानी विभाग छ । विडम्बना, पानीको नाममा पनि यहाँ व्यापार चलिरहेको छ ।

सीमित व्यवसायीहरूले महँगोमा गुणस्तरहीन पानी बेचेर जनता ठगिरहेका छन् । सर्वसाधारणको स्वास्थ्यमाथि नै खेलवाड भइरहेको छ । यद्यपि, सरकारको यसतर्फ अहिलेसम्म ध्यान गएको छैन । झण्डै महिना दिन भइसक्यो, आकाशबाट पानी नपरेको । पानी नपर्दा वायु प्रदूषण ह्वात्तै बढेको छ त डढेलो, आगलागीका घटना पनि बढ्दो छन् । डढेलो निभाउने क्रममा कतिपय सुरक्षाकर्मी र सर्वसाधारणले आफ्नो ज्यान गुमाएका छन् । र, यो अहिले पनि जारी नै छ । सरकार एउटै कर्मचारीलाई पाँच लाखदेखि २५ करोड पर्ने गाडी किनेर चढ्न दिन्छ । मन्त्री, राष्ट्रपति, प्रधानमन्त्री, सांसदहरू पनि करोडको सरकारी गाडी चढेर हिँड्छन् । सरकार कर्मचारी र जनप्रतिनिधिका लागि हिँड्डुल गर्न मात्र करोडको गाडी किनिदिन्छ ।

विडम्बना, वन वा बस्तीमा आगलागी वा डढेलो हुँदा त्यसलाई नियन्त्रणमा लिनका लागि उचित हेलिकप्टर हामीसँग छैन । अहिले पनि कतिपय स्थानीय तहसँग त दमकल पनि नरहेको पाइन्छ । २०७० सालमा बागमती नदी सरसफाइ गर्ने अभियान चल्यो । हरेक शनिबार कर्मचारीदेखि राजनीतिक दलका नेता, विभिन्न संघसंस्था वा सर्वसाधारणको उपस्थिति बागमती सरसफाइ गर्ने भनियो ।

बागमती सफा गर्ने नाममा जनताले तिरेको कर र विदेशीले दिएको ऋण र अनुदान गरी खर्बौं रकम सकियो । तर, बागमतीको अवस्था अहिले पनि त्यस्तै छ । सफाइको नाममा अर्बौं भ्रष्टाचार भएको छ । सरसफाइका लागि आवश्यक पर्ने सामग्री खरिदमा करोडौं भ्रष्टाचार भएको बताइन्छ । नेतादेखि कर्मचारी, अभियन्ता सबै भ्रष्टाचारी हुन् । आएको बजेट भ्रष्टाचार गरेर सिध्याउने अनि कार्यक्रम नै छोडिदिने प्रवृत्ति बढ्दो छ । राजधानीका अधिंकाश खोलामाथि घर निर्माण गरिएको पाइएको छ । टुकुचा खोलामाथि घर बनेको छ । यद्यपि, ती घरहरू अहिले पनि काठमाडौं महानगरले भत्काउन सकेको छ । सरकारले पनि केही गर्न सकेको छैन । सरकार न जनतालाई पानी उपलब्ध गराउन सक्छ न खोला, नदीनाला, टुकुचाको संरक्षण नै गर्न सक्छ ।

काठमाडौंको सिनामंगलस्थित मेडिकल कलेजनजिकै पहिला कुवा र ढुंगेधारा थियो । तर, त्यो कुवा मासेर अहिले घर बनाइएको छ । यता, ढुंगेधारा छ तर पानी आउँदैन । पुरातत्त्व विभाग पनि उपत्यकासहित मुलुकभर कति ताल, पोखरी, ढुंगेधारा, कुवा थियो ? र, अहिले कति छ ? भनेर खोजतालस गर्दैन । वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाहरू पनि यस्ता सम्पत्तिको खोजबिन गर्दैनन् ।

वडाध्यक्ष, अध्यक्ष, मेयरहरूको चासो सार्वजनिक, सरकारी सम्पत्ति खोजतलास गर्नुभन्दा कताबाट कमिसन आउँछ ? भन्नेतिर छ । आफ्ना मान्छेलाई कसरी जागिर लगाइदिने, कसरी आएको बजेटमा भ्रष्टाचार गर्ने ? भन्नेतिरै उनीहरू सोच्न मग्न छन् । पहिलापहिला घरमा आएका मानिसलाई पानी र खाना यत्तिकै दिइन्थ्यो । बास बस्न दिइन्थ्यो । सार्वजनिक काममा लाग्थे । आफैं पाटीपौवा, ढुंगेधारा, कुवा, ताल, पोखरी बनाउँथे । बाटो आफैं सफा गर्थे । श्रमदान गर्थे । आफूले दु:ख गरे पनि अरुलाई सहज होस् भन्ने उनीहरूको सोच थियो । तर, अहिले त यसको ठीक उल्टो छ । पौसा तिरेर पानी खानुपर्ने अवस्था छ ।

पानीमा पनि राजनीतिक दलका नेताहरूको लगानी छ । अहिले जनताले किनेको जार, बोतल वा टचांकरको पानी महँगो हो कि सस्तो भनेर ? न उपभोक्तालाई थाहा छ न सरकारलाई । पानी दिन नसक्ने सरकारले जनतालाई नागरिकताचाहिँ किन दिएको ? जनतासँग कर किन उठाएको ? किन राजनीतिक दलका नेताहरूले जनताबाट भोट लिएको ?

*-रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मुहान सुकेपछि खानेपानीका लागि ट्यांकरमा निर्भर



**पाँचथर–** सुक्खाका कारण खानेपानीको मुहान सुकेपछि पाँचथरको हिलिहाङ गाउँपालिका-७ का ३०० भन्दा बढी घरमा ट्यांकरबाट पानीको प्रबन्ध भएको छ। हिलिहाङ-७ का चुक्फारा, माझीगाउँ, डाँडागाउँ र सिमखर्क बस्तीका ३०० भन्दा बढी परिवारले उपयोग गर्दै आएको साँचेखोला खानेपानीको मुहान सुकेपछि ट्यांकरबाट खानेपानीको व्यवस्था गरिएको हो।

ट्यांकरमा सोही वडाको हेवाखोला छेउमा रहेको मुहानमा पानी जम्मा गरी सल्लेरीमा रहेको पाइप लाइनबाट साँचेखोला खानेपानी आयोजनाको ट्यांकीमा संकलन गरिएको छ। यहाँ निर्माण गरिएका २० र ६० हजार लिटर क्षमताका दुईवटा ट्यांकीमा जम्मा गरी खानेपानी वितरण गर्ने गरिएको साँचेखोला खानेपानी आयोजनाका अध्यक्ष तिलविक्रम इधिंगोले बताए।

'मुहान सुकेपछि उपभोक्ता मिलेर वडा कार्यालय, हिलिहाङ गाउँपालिकालगायत निकायमा जानकारी दियौं,' खानेपानी वितरणको अगुवाइ गरिरहेका अध्यक्ष इधिंगोले भने, 'पानीको हाहाकार हुन थालेपछि स्थानीयवासीकै सक्रियतामा खानेपानी ल्याउन थालेका हौं।' यहाँ वैशाख १५ देखि ट्यांकरको सहायताले निरन्तर खानेपानी वितरण भइरहेको इधिंगोले बताए।

तीन सयभन्दा बढी उपभोक्तामध्ये ४५ घरका उपभोक्ताले तीनधारे मुहानबाट दुई घण्टा पानी बोकेर लैजाने गरेका छन्। स्थानीय कौशिला बराइली पानीको जोहो गर्न दैनिक एक घण्टाभन्दा समय खर्चनु परेको बाध्यता सुनाउँछिन्। स्थानीयवासीले ट्यांकरबाट खानेपानीको प्रबन्ध गर्न थालेपछि फिदिम नगरपालिका, फिदिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, हिलिहाङ-७ वडा कार्यालय, एपेक्स निर्माण कम्पनी, इन्द्र योक्पाङ्देनलगायत स्थानीयवासीलाई सहयोग गर्दै आएका छन्।

खानेपानीको समस्या भोगिरहेका हिलिहाङ गाउँपालिकाका सातवटै वडाका लागि बृहत् सुभाङ खानेपानी आयोजना निर्माण भइरहेको छ। हिलिहाङ-७ को साविक भारपा गाविसका लागि उक्त बृहत् आयोजनाअन्तर्गत नै साँचेखोला 'बी' योजना निर्माण भइरहेको छ।

हिलिहाङ गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीका अनुसार बृहत् आयोजनाको निर्माण कम्पनीले भुक्तानी नपाएका कारण काम रोकेको छ। साँचेखोला 'बी' उपयोजनाको मुहानभन्दा पाइप लाइनको केही भाग माथि बनेका कारण उक्त उपयोजना तत्कालै सञ्चालन हुन नसक्ने अवस्थामा छैन। साविक भारपा गाविस वडा नं ६, ७, ८ र ९ का लागि २०५३ सालमा साँचेखोला खानेपानी योजना निर्माण थालिएको थियो। उक्त योजना सशस्त्र द्वन्द्वका कारण प्रभावित भई २०६९ देखि पानी वितरण सुरु भएको थियो।

पुरानो साँचेखोला योजनाभन्दा करिब २५० मिटर तलको मुहानमा बृहत् आयोजनाअन्तर्गत साँचेखोला 'बी' निर्माण भएको हो। यद्यपि प्राविधिक, निर्माण कम्पनी र तालुकदार निकायबीच समन्वय नहुँदा उक्त उपयोजनाको ट्रान्समिसन लाइनको केही भाग मुहानभन्दा माथि निर्माण भएपछि एक हजारभन्दा बढी उपभोक्ता पेयजल प्राप्तिको आधारभूत सुविधाबाट वञ्चित भएका छन्।


## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारीको अवसर

कम्पनी : CEYLON INTERMEDIARY WORKS FOR RECRUITING NON JORDANIAN DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304117 | चलानी नं. ६०२१९०१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker (Experienced) | 0 | 25 | 350 | ४६,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Domestic worker/housemaid | 0 | 25 | 300 | ३९,९४४ | | | | | | | |

कम्पनी : NOOR AL-MAMLAKA FOR THE RECRUITMENT AND USE OF DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 304197 | चलानी नं. ६०२१९०१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker (Experienced) | 0 | 25 | 350 | ४६,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Domestic worker/housemaid | 0 | 25 | 300 | ३९,९४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ।

नोट: भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिवार्य लिनु पर्ने। खाना, बस्न सहित तालिम नि: शुल्क हने र शुन्य लागत (Zero Cost) मा जान पाइने।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.

श्रम ईजाजत नं. ३०७/०५९/६०

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034, 9741688728

Email: service.bhairabintl@gmail.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६३/०९/०७ मा दर्ता भएको **दर्ता नं. ४३०४८।०७२।०७३ को कालिका इन्फो टेक प्रा.ली.** को मिति २०८१/०१/२० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: सुनिल रजौरे, इजाजतपत्र नं. ३८९, ठेगाना : अनामनगर, काठमाडौं**

**फोन नं. ९८५१००४४१४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०२/०७ गते दर्ता भएको **प्रा.लि. नं. ११२८२०/०६९/०७०** को **एप्लीकाली प्रा.लि.** को मिति २०८१/०१/१८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ। अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ।

**लिक्विडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७**

**फोन नं. ९८५१००४४१४, ठेगाना: का.म.न.पा. वडा नं. २९**



## शिक्षक आवश्यकता

श्री जमुना आधारभूत विद्यालय सोलु दु.न.पा ८ बागम सोलुखुम्बुको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२३ गते बसेको बैठकको निर्णय तथा सोलुदुधकुण्ड नगरपालिकाको चन १२३९ मिति २०८१/०१/२३ गतेको प्राप्त पत्रानुसार प्राथमिक तह तृतीय श्रेणी राहत दरबन्दी करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट ७ दिनको म्याद राखी रीतपूर्वक दरखास्त आहान गरिन्छ।

**तपशिल**

| | |
|---|---|
| विज्ञापन न | ०५-२०८०/०८१ |
| तह श्रेणी | प्राथमिक, तृतीय, राहत |
| आवश्यक शैक्षिक योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा प्रवीणता प्रमाणपत्र |
| नियुक्तिको प्रकार | अस्थायी करार |
| तलव स्केल | नेपाल सरकारले तोके बमोजिम |

**दरखास्त दिने अन्तिम मिति:** २०८१/०१/३० गते सम्म कार्यालय समय सम्म
**दरखास्त दिने स्थान:** श्री जमुना आधारभूत विद्यालय सोलु द न.पा. ८ बागम सोलुखुम्ब।
**सम्पर्क मिति:** २०८१/०१/३० कार्यालय समय समाप्ति पश्चात
**परीक्षा मिति:** सम्पर्क मितीका दिन जानकारी गराइने छ।
**परीक्षा हुने स्थान** : सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु।
**परीक्षा किसिम** : लिखित मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक समेत
**दरखास्त दस्तर:** २००० (पछि फिर्ता नहुने गरी)

**दरखास्त साथ संलग्न राख्नुपर्ने कागजातहरू** :
नागरिकताको प्रतिलिपि २ प्रति, सम्पर्ण शैक्षिक योग्यताको प्रतिलिपि २ प्रति, अध्यापन अनुमति पत्रको प्रतिलिपि थान २
**पाठ्यक्रम:** शिक्षक सेवा आयोगले तोकेको प्राथमिक तह तृतीय श्रेणीको पाठ्यक्रम बमोजिम।

**थप जानकारीका लागि** :
वि.व्य.स. अध्यक्ष राम वहादर थापा मगर : ९८४६७७२३७५
सदस्य सचिव भरत श्रेष्ठ ९८६३३८८४८८

**श्री जमुना आधारभूत विद्यालय**
सोलुदुधकुण्ड नगरपालिका-८, केरुङ बागम, सोलुखुम्बु



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/२४ गते)

श्री उमाकान्त फएलको नाति, नन्दलाल फएल/दिब्यश्वरा फएलको छोरा मन माया लुइटेलको पति, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं ०४ बस्ने दिल कुमार फएलको मिति २०८०/१२/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बेलका शाखामा रहेको बचत खाताको खाता नं. ०७७०१४५६३२८००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंकको बेलका शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बेलकामा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बेलका, उदयपुर फोन नं. ०३५-४३००८६



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AMEERI HOLDING GROUP CO

पूर्व स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 304199 | चलानी नं. ६०२१९०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 20 | 0 | 100 | ४३,३६९ | | | | | | | |
| 3 | Driver | 5 | 0 | 150 | ६५,०५४ | | | | | | | |
| 4 | Sales person | 0 | 5 | 200 | ८६,७३९ | | | | | | | |
| 5 | Waiter/Waitress | 0 | 7 | 150 | ६५,०५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालयमा मिति: वैशाख ३१ गते (13th May 2024)मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ICONIC KUWAIT LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304164 | चलानी नं. ६०२१९००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 3 | 150 | ६५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २८ गते (10th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WONDERFUL GROUP OF COMPANIES

पूर्व स्वीकृति मिति २०८०/१२/१२ | LT. No. 297421 | चलानी नं. ६०२१२४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 50 | 900 | ३२,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
श्रम ईजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034, 9741688728
Email: service.bhairabintl@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/०७ | पुन: विज्ञापन स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 303614 | चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: इटहरी लण्डन होटलमा मिति: २०८१ वैशाख २७ गते (9th May 2024) मा हुनेछ।

इटहरी सम्पर्क :- 9824327595, 9808107471, 9802708566

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREATIVE THOUGHT EST. FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No.304149 | चलानी नं.६०२१७८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३१ गते (13th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## Joshipur Rural Municipality
### Office of the Rural Municipal Executive
Joshipur, Kailali
Sudurpaschim Province; Nepal

## Invitation for Bids

[Date of first publication: 06-05-2024 (2081/01/24 B.S.)]

1. Joshipur Rural Municipality, Office Of the Rural Municipal Executive, Joshipur Kailali invites electronic bids from eligible bidders for the procurements of works as per table below under National Competitive Bidding procedures **(Single-Stage: Two-Envelope Bidding Procedure)**. Only eligible bidders should participate in this bidding.

| S. N. | Contract Identification Number | Description of work | Last Date of bid Submission | Minimum Average Annual Turnover (NRs) | Minimum Experience in Similar Size and Nature (NRs) | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | 7/JRM/NCB/WORKS/2080/081 | Construction of Cold Store at Ward No. 1, Joshipur Rural Municipality Kailali | before 12:00 noon on 7th June, 2024 (2081/02/25) | 43866000.00 | One Building Work successfully completed with value of NRS 10180000.00 | 732,000.00 | 5000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive, Joshipur Rural Municipality, Joshipur Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

Chief Administrative Officer

# प्रभाव दैनिक

सोमबार २४, वैशाख २०८१ (Monday, May 06, 2024)





### भिडियोमा 'कल कल मुया'

गायक दिपक लभको गीत 'कल कल मुया'को भिडियो सार्वजनिक भएको छ । राजन रूमानीको शब्द तुलाधर दर्नालको संगीत रहेको गीतमा राहुल विश्वकर्माको एरेञ्ज रहेको छ । युट्युबमार्फत सार्वजनिक गीतको भिडियोमा अभिनेत्री नम्रता सापकोटा र जीवनकुमार ज्ञावलीको जोडी देख्न सकिन्छ । नवराज उप्रेतीको छायांकन, मनोज कार्कीको सम्पादन रहेको भिडियोमा नवराज रिजाल र देवराज सापकोटाको नृत्य संयोजन छ । भिडियोमा कोरियोग्राफी निर्देशन कविराज गहतराजले गरेका छन् ।



# चलचित्रको कथा बोल्ने गीत




**काठमाडौं–** केही समययता नेपाली चलचित्र 'बोक्सीको घर' मा समावेश गरिएको 'बुझिन् मैले' बोलको गीत लोकप्रिय भइरहेको छ । युट्युबमार्फत सार्वजनिक गरिएको उक्त गीतलाई एक महिनामै एक करोड ३० लाखभन्दा बढी पटक हेरिएको छ ।

गीतलाई प्रकाश सपूतले तयार गरेका छन् । उनकै शब्द र संगीत रहेको उक्त गीत समीक्षा अधिकारीले गाएकी हुन् । चलचित्रले पहिलो सातामा छ करोड रूपैयाँको हाराहारीमा व्यापार (ग्रस कलेक्सन) गरेको निर्माण पक्षले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ । यो सफलतामा महत्त्वपूर्ण भूमिका गीतको रहेको अभिनेत्रीसँगै निर्मात्री रहेकी केकी अधिकारीले बताइन् ।

'प्रचारप्रसार गर्न तयार पारिएको सामग्रीलाई चिनाउने काम गीतले गरेको छ,' अभिनेत्री अधिकारीले भनिन्, 'गीत जति चर्चित भइरहेको छ, त्यति नै यसको निर्माणको विषयमा कौतुहलता बढ्नु स्वाभाविक हो । गीतले चलचित्रको कथा बोलेकाले पनि लोकप्रिय बन्दै गएको हो ।'

अभिनेत्री अधिकारीले गायक सपूतसँग 'परदेशी–२' नामक चलचित्रमा काम गरेपछि केही सांगीतिक चलचित्र (म्युजिक भिडियो) मा काम गरेकी छन् । सहकार्यले सामीप्यता बढाएपछि उनले निर्माण गर्न लागेको चलचित्रको कथा गायक सपूतलाई पढेर सुझाव दिन आग्रह गरेका थिए ।

'म प्रकाशजीको कलाप्रतिको चेतना र उनले निर्माण गरिरहेको गीत संगीतले प्रभावित भएकी थिएँ । उहाँले विषयवस्तुको तारिफ गर्दै सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभयो । विविध कारणले चलचित्र निर्माण भएर तयार हुँदा पनि सहकार्य हुन सकेको थिएन,' अभिनेत्री अधिकारीले भनिन् ।

विषयको गम्भीरतालाई बुझेर चलचित्रमा सोही प्रकृतिको गीत राखिएको थियो । कथा सुहाउँदो भए पनि दर्शकको ध्यान बढी केन्द्रित गराउने उद्देश्यले गायक सपूतसँग सहकार्य गर्ने विषयमा निर्देशक तथा लेखक सुलक्षण भारतीसँग छलफल गरेपछि गीतमार्फत सहकार्यका लागि पहल भएको अभिनेत्री अधिकारीले जानकारी दिइन् ।

गायक सपूत र अभिनेत्री अधिकारीले समीक्षा अधिकारीलाई गीत गाउन दिने निर्णय गरेका थिए । गीत रेकर्ड गर्न स्टुडियोमा हुँदा गायक सपूतले शब्दमा हेरफेर गर्दै कथासार व्यक्त गर्ने गरी तयार गरेको अभिनेत्री अधिकारीले जानकारी दिइन् । 'यो गीत सुनेपछि म ढुक्क थिएँ । यसमा महिलाले महसुस गर्न सक्ने शब्द छन् । सायद त्यो समयमा प्रकाशजीको ज्ञानमा सरस्वतीले नै बास गर्नुभएको थियो । बन्दा बन्दै यो गीत अहिले महिलाको सुख दुःखको गीत बन्न पुगेको छ,' उनले भनिन् ।

निर्देशक भारतीले चलचित्रको कथासँगै जोडिने गीत पाएपछि यसलाई चलचित्रमासमेत राख्ने निर्णय गरिएको बताए । 'यो गीत हामीले प्रचारका लागि तयार गर्ने भनेर सुरु गरेका थियौं,' उनले भने, 'पछि चलचित्रमा नै राख्न मिल्नेगरी तयार भयो । यसले चलचित्रलाई नै व्यक्त गरेको छ भन्दा फरक पर्दैन ।'

यो गीत रेकर्ड गरिएको पाँच दिनमै श्रव्यदृश्यसहित तयार गरेर सार्वजनिक गरिएको अधिकारीले जानकारी दिए । चलचित्र प्रदर्शनको संघारमा भएकाले कम समयमा नै श्रव्यदृश्य तयार गरी सार्वजनिक गरिएको उनको भनाइ छ । यतिबेला यो गीत नेपालसहित विश्वभरका नेपाली माझ लोकप्रिय बनेको छ । गीतको डिजिटल अधिकार प्राप्त कम्पनी ओएसआर डिजिटलले नेपालसँगै विदेशमासमेत उत्तिकै हेरिएको गीतमा 'बुझिन मैले' रहेको जानकारी दिएको छ । *रासस*

# जापानी परराष्ट्रमन्त्री योकोको रोजाइमा नेपाली लेखकका पुस्तक

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालको एकदिने भ्रमणमा आएकी जापानी परराष्ट्रमन्त्री खामिखावा योको आइतबार जमलस्थित मण्डला बुक प्वाइन्टमा पुगेर पुस्तक खरिद गरिन् । उनको पहिलो रोजाइमा बालबालिकासम्बन्धी पुस्तक परेको थियो ।

खासगरी नेपाली लेखककै पुस्तक किन्न उनले चाहेकी थिइन् । 'गाई जात्रा,' 'भतिजीहरू,' 'बिस्केट जात्रा,' 'विख्यात,' 'घरपालुवा बिरालो,' 'सेभेन फिस इनसाइड,' 'जमन गुवाजु' नामक बालबालिकासम्बन्धी चित्र पुस्तक जापानी परराष्ट्रमन्त्री योकोले खरिद गरेको मण्डला बुक प्वाइन्टका प्रमुख माधवलाल महर्जनले जानकारी दिए । जापानी परराष्ट्रमन्त्री योकाको रोजाइमा नेपाल पिक्चर लाइब्रेस पुस्तक 'सार्वजनिक जीवनमा महिला' नामक तस्बिर पुस्तक पनि परेको छ ।

त्यस्तै, उनले महिला सशक्तीकरण, भू-राजनीति, नेपालको 'ल्यान्डस्केप'सम्बन्धी पुस्तक खरिद गरेकी थिइन् । पाँच मिनेटमात्रै मण्डलामा आएर उनले प्रत्यक्ष पुस्तक हेरी खरिद गरेकी हुन् । मण्डला बुक प्वाइन्टका प्रमुख महर्जनले जापानी मन्त्री योकोलाई स्वागत गर्दै पुस्तकबारे संक्षिप्त जानकारी दिएका थिए ।

'मन्त्रीज्यूको अवलोकनले गर्दा नेपाली पाठक, शिक्षक, विद्यार्थी पुस्तक पढ्ने संस्कृतिप्रति प्रेरणा मिल्छ,' उनले भने, 'यसभन्दा अघि पाकिस्तानका तत्कालीन प्रधानमन्त्री बेनजिर भुट्टोले समेत मण्डलामा भ्रमण गर्नुभएको थियो ।' उनले मन्त्रीलाई मण्डलाबाट केही पुस्तक उपहार दिएका थिए ।

## रंगशाला

**पोखरा स्पोर्टस् अवार्ड**

# इन्द्रालाई लाइफटाइम अचिभमेन्ट अवार्ड



**कास्की (प्रस)–** पोखरा स्पोर्टस् अवार्डमा एथ्लेटिक्सकी खेलाडी इन्द्राकुमारी मल्ललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको 'आठौं पोखरा स्पोर्ट्स अवार्ड २०८०'मा खेलकुद क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई सो अवार्ड प्रदान गर्न लागिएको हो । उनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लासहित सम्मान गरिने आयोजकले जानकारी दिएको छ ।

प्रतिभा छनोट समितिको सिफारिसअनुसार मल्ललाई अवार्ड प्रदान गर्ने निर्णय गरिएको मञ्चका अध्यक्ष दिननाथ बरालले बताए । आठौं पोखरा स्पोर्ट्स अवार्ड २०८०' यही वैशाख २८ गते पोखरा सभागृहमा हुँदै छ । यस अगाडि यस अवार्डबाट कृष्ण थापा, खड्गबहादुर रानाभाट, डा. वीरेन्द्रसिंह गुरुङ, चित्रबहादुर गुरुङ, आनन्द रञ्जित, गणेशबहादुर भट्टराई र विद्याप्रसाद मर्सानी सम्मानित भइसकेका छन् । एथ्लेटिक्सकी मल्ल कहिल्यै नथाक्ने खेलाडीका रूपमा परिचित छिन् । उनी ४० वर्षदेखि खेलकुद क्षेत्रमा सक्रिय छिन् ।

वि.सं. २०२४ मा भारतको अम्बला केन्ट पञ्जावमा बुबा स्व. टीकाबहादुर मल्ल र आमा लक्ष्मीकुमारीको कोखबाट जन्मिएकी इन्द्रा सानैदेखि खेलकुदप्रति रुचि राख्थिन् । आफ्नो समयको उम्दा खेलाडी इन्द्राले दर्जनौं पदक जितेकी छन् । उनले एथलेटिक्समा राष्ट्रिय कीर्तिमान पनि बनाएकी छन् । बुबा र मामाको प्रेरणाले क्याम्पस जीवनमै खेलकुद सुरु गरेकी थिइन्।उनी एथ्लेटिक्ससहित भलिबल, बास्केटबल, टेबलटेनिसलगायतका खेल खेल्थिन्, तर उनको विशेष रुचि एथ्लेटिक्समा थियो । मल्ल १०० मिटर, २०० मिटर, ४०० मिटर दौडमा सधैं प्रथम भइन् । एक हजार ५०० मिटर, तीन हजार मिटर, पाँच हजार मिटर र १० हजार मिटरकोसमेत धाविका बनिन् ।

अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्डसहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघ संस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी इलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ । अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार रूपैयाँ प्रदान गरिने मञ्चले जनाएको छ ।


सुदूरपश्चिम प्रदेश सरकार

**टीकापुर अस्पताल**

टीकापुर कैलाली

**बोलपत्र प्रकाशित सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०१/२४

यस टीकापुर अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np र http://www.bolpatra.gov.np/egp मा राखिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| S.N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | TH/Kailali/NCB/Goods/14/2080/081 | Supply and Deliver of NyanoJhola Set . | 34000/- | 3000/- | Hard Copy Not Acceptable |

नि.प्र.मे.सु.
टीकापुर अस्पताल , कैलाली



**जापानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TOKAI AICHI KEIEI SHIEN KYODO KUMIAI

पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No. 304183 चलानी नं. ६०२१८९८४

